# भिडियो कन्फरेन्सीङ्ग
# सेवा सञ्चालन सम्बन्धी विशेष निर्देशिका

**१. उद्देश्य :-**

यातायात वा समय अभावको कारण दुई वा दुई भन्दा बढी व्यक्तिहरु वा समुहहरु सबै एकै ठाउमा जम्मा भएर बैठक, छलफल, अन्तरक्रिया वा प्रश्नउत्तर कार्यक्रम गर्न नसकिने अवस्थामा दूरसञ्चारको माध्यमबाट दुई वा दुई भन्दा बढि विभिन्न स्थानमा रहेका व्यक्तिहरु/समुहहरु वीच एक आपसमा बैठक, छलफल, अन्तरक्रिया वा प्रश्नउत्तर कार्यक्रम सञ्चालन गर्नमा सहयोग पुऱ्याउनु भिडियो कन्फरेन्सीङ्ग सेवाको मुख्य उदेश्य हुनेछ ।

**२. भिडियो कन्फरेन्सीङ्ग सेवा :-**

दुई भिन्न भिन्न भौगोलिक स्थानहरुमा रहेका व्यक्तिहरु वा समुह वीच दूरसञ्चारको माध्यमबाट तोकिएको निश्चित स्थानमा बसी एक आपसमा वैठक गर्न, छलफल गर्न वा अन्तरक्रिया कार्यक्रम वा प्रश्नउत्तर कार्यक्रम गर्न सक्ने गरी सञ्चालन गरिने दूरसञ्चार सेवालाई भिडियो कन्फरेन्सीङ्ग सेवा भनिन्छ ।

**३. अनुमतिपत्र लिनुपर्ने :-**

कुनै व्यक्तिले अन्य व्यक्ति वा संस्थालाई भिडियो कन्फरेन्सिङ्ग सेवा प्रदान गर्ने भएमा त्यस्ता व्यक्तिले प्राधिकरणबाट भिडियो कन्फरेन्सिङ्ग सेवाको अनुमतिपत्र लिनु पर्नेछ ।

**४. भिडियो कन्फरेन्सिङ्ग सेवा सञ्चालनका लागि विशेष निर्देशन :-**

भिडियो कन्फरेन्सिङ्ग सेवा सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाले सेवा सञ्चालन गर्न अनुमतिपत्रको लागि निवेदन पेश गर्दा निम्न विवरणहरु अनिवार्य रुपले संलग्न गर्नु पर्नेछ ।

४.१. दूरसञ्चार अन्य अतिरिक्त सेवा सञ्चालन गर्नेहरुको लागि प्रकाशित सामान्य निर्देशिकामा उल्लेखित सम्पुर्ण विवरणहरु सहित रीत पूर्वक निवेदन फाराम भरेर पेश गर्नु पर्छ ।

४.२. उपरोक्त सेवा कुन-कुन भौगोलिक क्षेत्रमा सञ्चालन गर्ने हो प्रष्ट रुपले खुलाउनुको साथै पछि विस्तार गर्न सकिने क्षेत्रहरु सहित Roll Out Plan पेश गर्नु पर्नेछ ।

४.३. भिडियो कन्फरेन्सिङ्ग हुने दुई स्थानहरु विच सञ्चार सेवा के कसरी स्थापना गर्ने हो विस्तृत विवरण पेश गर्नुपर्ने छ ।

४.४. उक्त सेवाको लागि आवश्यक लिङ्कको लागि रेडियो वा केवुल कुन माध्यम प्रयोग गर्ने हो प्रष्ट खुलाउनु पर्नेछ ।

४.५. यस सेवा वापत सेवा प्रयोगकर्ता सित के कति शुल्क लिईने हो प्रष्ट रुपमा खुलाउनु पर्नेछ ।

## ५. <u>भिडियो कन्फरेन्सिङ्ग सेवा सञ्चालकले पालना गर्नुपर्ने शर्तहरु</u> :-

५.१. अनुमतिपत्रमा उल्लेखित शर्त अनुरुप सेवा सञ्चालन गर्नुपर्ने छ ।

५.२ भिडियो कन्फरेन्सिङ्गमा छलफल हुने विषय प्रचलित कानून विपरित भएमा वा प्रचलित कानूनले रोक लगाएका विषयहरु हुन भनी अधिकारप्राप्त अधिकारीबाट त्यस्तो कार्यक्रम, छलफललाई रोक लगाएमा उक्त छलफल कार्यक्रम सार्वजनिक रुपमा प्रकाशन एवम् प्रशारण गर्न पाईने छैन ।

५.३. यस सेवाको लागि प्रयोगमा आउने उपकरणको मर्मत सम्भारको व्यवस्था सेवा सञ्चालक स्वयंले गर्नुपर्नेछ ।

५.४. भिडियो कन्फरेन्सिङ्गमा प्रयोग हुने उपकरण तथा प्रसारण हुने आवाजको गुणस्तर (Voice Quality) ITU बाट निर्धारित राय सुझाव (Recommendation) अनुरुप हुनुका साथै सेवा प्रयोगका सम्वन्धमा कायम गर्नुपर्ने गोपनियता कायम गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ ।